# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०७८/०७९
च.न. :

बिषय :- मस्जित रोड कित्ता न.८७ रहेको सटर र कच्ची घर / न.पा. परीषरको पश्चिम पट्टिको कम्प्लेक्सको भुईतलाको कोठा न ७ बहालमा लगाउने सम्बन्धि शिलबन्दी दरभाउ पत्र आहवानको सूचना

प्रथम पटक प्रकाशित सूचना मिति : २०७९/१२/१३ गते

उपरोक्त सम्बन्धमा यस धनगढी उप-महानगरपालिका वडा नं. १ मस्जित जाने सडकमा यस कार्यालयको मातहतमा रहेको कित्ता न. ८७ (साबिक कित्ता न. १८७ र १८८ त्रिनगर २ ख) मा रहेको सटर र कच्ची घर जसको जमिनको क्षेत्रफल ७३३/बर्ग मी. छ, सो जमिनमा रहेको सटर र कच्ची घर र धनगढी उप महानगरपालिकाको पश्चिमपट्टिको कम्प्लेक्सको भुईतलाको कोठा न. ७ बहाल लगाउनु पर्ने भएकोले सम्बन्धित व्यक्ति, फर्म संस्था कम्पनीले देहाय बमोजिमको सर्तहरुको अधिनमा रही रितपुर्बकको शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो १५ दिने सूचना प्रकाशित गरिएको छ।
दरभाउ पत्र फाराम दस्तुर रु.१०००/ (एक हजार मात्र) तिरि फाराम लिन सकिनेछ र सो रकम फिर्ता हुने छैन।

१. घरको प्रति कोठा को न्युनतम मासिक भाडा रकम रु. मस्जित रोड को रु.१६५३५/ (अक्षेरुपी सोह्र हजार पाच सय पैतिस मात्र) र कोठान. ७ को रु.२४५९०/ (अक्षेरुपी चौबिस हजार पाच सय नब्बे मात्र) रहेको छ।
२. दरभाउ पत्र फाराम यस उप-महानगरपालिकाको राजस्व शाखा बाट प्रथम पटक सूचना प्रकासित मिति बाट १५ दिन भित्र कार्यालय समयमा खरिद गर्न सकिने छ।
३. दरभाउ पत्र खरिद गर्नु पर्ने अन्तिम मिति २०७९/१२/१३ गते कार्यालय समय भित्र खरिद गरि सक्नु पर्ने छ।
४. दरभाउपत्र दर्ता गर्नु पर्ने अन्तिम मति २०७९/१२/२७ गते दिउशो १२.०० बजे रहनेछ र सो दरभाउ पत्र सोहि दिनको दिउसो २.०० बजे खोलिने भएको हुदा दरभाउपत्र दाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्ने छ। साथै उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन उक्त दिन सार्बजनिक बिदा भएमा कार्यालय खुलेको लगत्तै सो सम्बन्धि काम हुनेछ।
५. कुनै पनि व्यक्ति वा संस्थाको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण आधिकार यस कार्यालयमा निहित रहने छ।
६. धरौटी खाता ध.उ.म.न.पा.कार्यालयको रा. बा.बैंक धनगढीमा रहेको न.४१७०१००३०३००००२ मा नगदै वा दुई वर्षको हुन आउने जम्मा रकमको ५ प्रतिशत रकम जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकार बाट मान्यता प्राप्त बाणिज्य बैंक बाट धनगढी उप महानगरपालिकाको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ।
७. दरभाउपत्र साथ घरभाडा लिन इच्छुक व्यक्तिको हकमा नेपाली नागरिता प्रमाणपत्रको प्रतिलिपि /संघ संस्थाको हकमा दर्ता प्रमाणपत्र, नाबिकरण पत्र, कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ।
८. बहालमा लिने व्यक्ति वा संस्थाले कोठा भाडाको सम्झौता गर्दा आफुले कबोल गरेको रकमको ६ महिना बराबरको हुन आउने रकम धरौटी बफत राख्नु पर्नेछ।
९. कोठा भाडाको प्रथम पटकका लागि बढीमा दुई वर्षका लागि सम्झौता गरिनेछ। म्याद थप निर्णय बमोजिम हुनेछ।
१०. हाल कायम रहेको कोठाको संरचना निर्माण तथा मर्मत सम्भार सम्बन्धित भाडामा बस्ने फर्म/व्यक्तिले नै गर्नु पर्नेछ।
११. अन्य कुनी थप जानकारी लिन चाहेमा यस कार्यालयको राजस्व शाखाबाट कार्यालय समय भित्र बुझाउन सकिनेछ।
१२. कोठा भाडा लिन चाहने इच्छुक व्यक्ति/फर्म/संघ संस्थाले कारोबार संचालन गर्दा होटेल, रेस्टुरेन्ट वार, डान्स वार, माछा माशु, आन्डा जन्य, स्वास्थ्य संस्था, ट्युसन र कोचिंग सेन्टर र ध्वनी उत्पन्न हुने कुनै पनि व्यवसाय संचालन गर्न पाउनेछैन।
१३. यस सूचनामा उल्लेख नभएका कुरा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

..............................
प्रमुख प्रशासकीय अधिकृत

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)